जुगल गाउँपालिका

# जुगल गाउँपालिकाको व्यवसाय दर्ता नविकरण ऐन, २०७५

| | | |
|---|---|---|
| खण्ड :- | **ऐन संख्या :-** | **सभाबाट स्वीकृत मिति :-** |

## जुगल गाउँपालिका

**सिन्धुपाल्चोक जिल्ला**

**प्रदेश नं. ३**

**प्रश्तावना**

गाउँपालिका भित्र संचालिनत व्यापार, व्यवसाय, पेशा लाई गाउँसभाबाट पारित करका दर अनुसार दर्ता, नविकरण तथा कर असुलीमा सरल, सहज तथा एकरूपता ल्याउनका ल्याउनका लागि स्थानीय सरकार संचालन ऐन २०७४ को जुगल गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ तथा जुगल गाउँपालिकाको आर्थिक ऐन २०७५ को दफा ५ अनुसारको कार्यलाई थप प्रष्ट पार्नु आवश्यक भएकोले अनुसार

**(१) नाम र प्रारम्भ**

क. यो निर्देशिकाको नाम 'व्यवसाय दर्ता नविकरण कर निर्देशिका २०७५' हुनेछ ।

ख. यो निर्देशिका तुरून्त लागु हुनेछ ।

**(२) परिभाषा : विषय र प्रसंगले अर्को अर्थ नलागेमा**

क. 'दर्ता' भन्नाले जुगल गाउँपलिकामा निर्धारित प्रक्रिया पुरा गरि व्यवसायीका रूपमा दर्ता हुनुलाई बुझिन्छ ।

ख. 'कर' भन्नाले गाउँपालिकासंग संबन्धित प्रचलित ऐन नियमावली र यो निर्देशिका बमोजिम जुगल गाउँपालिकाले आफनो क्षेत्र भित्रको व्ययवसायमा पुंजिगत लगानी र आर्थिक कारोवारका आधारमा लगाउन सक्ने व्यवसाय करलाई सम्झनु पर्दछ । यसले व्यवसाय करको अतिरिक्त लाग्ने थप शुल्क, कर दस्तुर, जरिवाना समेतलाई जनाउदछ ।

ग. 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले जुगल गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

घ. 'कर अधिकृत' भन्नाले यो निर्देशिका बमोजिम कर अधिकृतको काम गर्ने प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारीलाई सम्झनु पर्दछ ।

ङ) 'गाउँपालिका' भन्नाले जुगल गाउँपालिकाई सम्झनुपर्दछ ।

च) 'कार्यालय' भन्नाले गाउँ कार्यपालिकाको कार्यालयलाई बुझाउँछ।सो शब्दले वडा कार्यालय समेतलाई बुझाउनेछ ।

छ) 'कार्यपालिका' भन्नाले गाऊँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

ज) 'वडा' भन्नाले जुगल गाऊँपालिका भित्रका वडालाई सम्झनु पर्दछ ।

झ) 'शाखा' भन्नाले राजश्व शाखालाई सम्झनु पर्दछ ।

(३) व्यवसाय दर्ता गरी व्यवसाय संचालन गर्नु पर्ने :

गाउँपालिका क्षेत्र भित्र कुनै पनि व्यवसाय संचालन गर्नु अघि यस निर्देशिका बमोजिम व्यवसाय दर्ता गर्नु पर्नेछ ।

(४) व्यवसाय दर्ताको लागि दरखास्त दिने र दर्ता गर्ने :

१. गाउँपालिका क्षेत्र भित्र कुनै व्यवसाय दर्ता गर्न चाहने व्यक्तिले अनुसुचि १ मा उल्लेखित ढाँचाको दरखास्त फारम भरि कार्यलयमा पेश गर्नु पर्नेछ ।

२. उपदफा १ बमोजिम निवेदन प्राप्त भए पछि कार्यलयले यस उपर आवश्यक जाँचवुझ समेत गरी रू. १०००।०० दर्ता शुल्क लिइ व्यवसाय दर्ता गर्न सक्नेछ ।

३. उपदफा २ बमोजिम दर्ता भएको व्यवसायको विवरण अनुसुसची २ बमोजिम व्यवसाय दर्ता कितावमा उल्लेख गरि निवेदकलाई अनुसुची ३ को ढाँचामा व्यवसाय कर दर्ता प्रमाणपत्र अपलब्ध गराउने छ ।

४. एकै व्यक्तिको नाममा एउटै उदेश्य भएको एक भन्दा बढी स्थानमा व्यवसाय संचालन गर्नु पर्ने भएमा निर्देशिकाले छुद्दै व्यवस्था गरेको वा प्रचलित कानुनमा अन्यथा व्यवस्था गरेको अवस्थामा वाहेक छुट्टा छुट्टै व्यवसाय दर्ता गराउनु पर्नेछ ।

तर शाखा वा थप कारोवार स्थलको लागि लाग्ने कर एकमुष्ट तिरी विभिन्न स्थानमा संचालित व्यवसाय वा शाखाहरू एउटै प्रमाणपत्रमा खुलाउने गरि व्यवसाय दर्ता गर्न यस उपदफाले बाधा पुऱ्याएको मानिनेछैन ।

**(५) कर बुझाउने दायित्व**

१. यस निर्देशिका बमोजिम दर्ता भएका व्यक्ति, फर्म वा निजको प्रतिनिधिको हुनेछ ।

**(६) व्यवसायको नविकरण गर्नु पर्ने**

१. दफा ४ बमोजिम दर्ता भएको व्यवसाय आर्थिक वर्ष शुरू भएको ३५ दिन भित्र वार्षिक कर अग्रिम रूपमा भुक्तानी गरि सो आर्थिक वर्षको लागि व्यवसाय नविकरण गर्नुपर्नेछ ।

**(७) विवरण हेरफेर गर्नुपर्ने भएमा अनुमति लिनुपर्ने :**

१. दफा (४) बमोजिम व्यवसाय दर्ताको लगि निवेदन पेश गरी दर्ता भएको व्यवसायमा विवरण परीवर्तन गर्नु पर्ने भएमा कार्यलयबाट स्वीकृति लिनु पर्नेछ ।

२. उपदफा (१) बमोजिम निवेदन परेमा कार्यालयले आवश्यक जाँचबुझ समेत गरी संसोधित प्रकृतिको व्यवसायको तोकिएको कर र विवरण हेरफेर गरे वापत रू १०००।- थप दस्तुर लिई विवरण संसोधन गरिदिनु पर्नेछ र सो व्यहोरा दर्ता किताप र प्रमाणपत्रमा समेत उल्लेख गरिदिनु पर्नेछ ।

३. व्यवसायको प्रकृति कारोवार गर्ने वस्तु, कारोवार रकम तथा सेवाको किसिम तथा व्यवसायको नाम आदि परिवर्तन गर्नु परेमा नयाँ प्रकृतिको व्यवसायको कर साविकको करको दर भन्दा बढी लाग्ने भएमा सो फरक कर रकम समेत असुल गर्नु पर्नेछ ।

**(८) साझेदार थपघट र ठाउँसारी गर्नु परेमा स्वीकृति लिनु पर्नेछ :**

१. एक व्यक्ति वा एक भन्दा बढी व्यक्तिको नाममा दर्ता कायम भएको व्यसाय साझेदार थपघट गर्नु परेमा आवश्यक कागजात समेत संलग्न राखि नगरपालिकामा निवेदन दिनु पर्नेछ ।

२. उपदफा (१) बमोजिम निवेदन परेमा कार्यलयले अवश्यक जाँचवुझ गरि चालु आर्थिक वर्ष सम्मको कर असुल गरि वार्षिक करको दरमा ५० प्रतिशत वा रू १०००।- मध्ये जुन बढी हुन्छ सो दस्तुर समेत लिइ साझेदार थप गरिदिनु पर्नेछ ।

३. गाउँपालिका क्षेत्र भित्र एक स्थानमा सञ्चलनमा रहेको पेशा व्यवसाय अर्को स्थानमा ठाउँसारीको लागि निवेदन परेमा कर अधिकृतले आवश्यक जाँचवुझ गरी चालु आर्थिक वर्ष सम्मको कर असुल गरि कार्यालयमा भएको व्यवसायको लगत खारेजको सिफरिस जनाइ्र सम्बन्धित वडा कार्यलयलाई पत्राचार गर्नु पर्नेछ । यसरी सिफारिस प्राप्त भएकोमा ठाउँसारी हुने वडा कार्यालयले व्यवसाय दर्ता विवरणमा ठाउँसारी जनाइए साविकको वडा कार्यालयमा ठाउँसारको जानकी दिनु पर्नेछ ।

४. उपदफा (३) बमोजिम ठाउँसारी भएको जनाउ प्राप्त भए पछि तोकिको समय भित्र सम्बन्धित कार्यालयमा गई व्यवसायको दर्ता लगत कायम गर्नु करदाताको कर्तव्य हुनेछ ।

६. उपदफ (३) बमोजिम ठाउँसारी गर्न चाहने करदाताले ठाउँसारी भए जाने व्यवसाय रहने ठेगानाको कर बुझाउनु पर्ने कार्यलयमा ठाउँसारीको लागि निवेदन पेश गरेपछि कार्यलयले आवश्यक जाँचवुझ गरि रू. २०००।- दस्तुर लिई सो व्यहोरा दर्ता प्रमाणपत्रमा समेत खुलाई व्यवसायको ठाउँसारी गरिदिनु पर्नेछ ।

७. यस निर्देशिका बमोजिम ठाउँसारी भई आउने व्यवसायको लगत खडा गर्ने कर्तव्य सम्बन्धित कार्यालयको हुनेछ ।

**(९) कार्यालयके विवरण माग गर्न र निर्देशन दिन सक्ने :**

१. कुनै खास पेशा, व्यवसाय व्यापारको सम्बन्धमा केही कुरा बुझ्न आवश्यक ठानेमा कार्यालयले थप विवरण माग गर्न सक्नेछ । यसरी माग गरिएको विवरण उपलब्ध गराउने कर्तव्य सम्वन्धित करदाताको हुनेछ ।
२. उपदफा (१) बमोजिम विवरण उपलब्ध नगराएमा कार्यालयले सम्वन्धित पेशा तथा व्यवसाय स्थलमा गइ आवश्यक जाँचवुझ गर्न सक्नेछ ।
३. यस निर्देशिका बमोजिम दर्ता भएका पेशा व्यवसाय संचालन गर्दा सामाजिक सदाचार कायम राख्नु पर्नेछ । यस सम्बन्धमा कार्यालयले दिने निर्देशनको पालना गर्ने गराउने दायित्व सम्बन्धित करदाताको हुनेछ ।

**(१०) व्यवसाय सञ्चालनको अनुमति लिनु पर्ने :**
१. गाउँपालिकामा व्यवसाय दर्ता गरि सके पछि अन्य सम्बन्धित निकायबाट प्रचलित कानुन बमोजिम अनुमति लिनु पर्ने कानुनी प्रावधान भएका पेशा, व्यवसाय संचालन गर्नु पूर्व सम्बन्धित निकायबाट अनुमति लिनु पर्ने दायित्व करदातको हुनेछ ।

**(११) व्यवसाय दर्ता खारेजी गर्न सकिने :**
१. यस निर्देशिका बमोजिम कर लाग्ने व्यवसाय दर्ता भए पछि दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय चालु रहेको मानिनेछ ।
२. उपदफा (१) बमोजिमको निवेदन पर्नु भन्दा अघिसम्म व्यवसाय संचालनमै रहेको मानि कर निर्धारण गरि कर असुल उपर गरिनेछ ।
३. ऐन, नियमावली र निर्देशिका बमोजिम दर्ता भएको व्यवसाय बन्द गर्न चाहेमा मुनासिव कारण खोली करदाताले सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ ।
४. उपदफा (३) बमोजिम निवेदन प्राप्त भए पछि वडा कार्यालयले आवश्यक जाँचवुझ गरी चालु आर्थिक वर्षसम्मको कर रकम र व्यवसाय खारेजीको लागि गाउँपालिकामा सिफरिस सहित पठाउनु पर्नेछ । गाउँपालिकाले कागजात अध्ययन गरि लगत कट्टा वापत लिइने सेवा शुल्क समेत असुल गरी लगत कट्टा गरिदिनु पर्नेछ ।
५. प्रचलित कानुन विपरितको कारोवार गरेमा वा पेशा संचालन गरेमा र व्यवसाय संचालन संबन्धमा कार्यालयले दिएको निर्देशन बारम्बार उलंघन गरेमा कार्यलयले व्यवसायको दर्ता खारेजी गरि बाँकी वक्यौता कर तथा जरिवाना सरकारी बाँकी सरह करदाताबाट असुल गर्नेछ ।
६. यस निर्देशिकामा जुनसुकै कुरा लेखिएको भएता पनि व्यवसायखारेज वा लगत कट्टा गर्नु पूर्व करदातालाई सफाइ पेश गर्ने पर्याप्त मौका दिनु पर्नेछ ।
७. उपदफा (५) बमोजिम व्यवसाय दर्ता खारेज गरेमा व्यवसाय सम्बद्ध करदाताको नाममा गाउँपालिकामा १ वर्ष सम्म कुनै पनि व्यवसाय दर्ता गरी संचालन गर्न नपाउने व्यवस्था गर्न सकिनेछ ।

**(१२) जरिवाना तथा थप दस्तुर लाग्ने**
१. यस ऐनमा तोकिएको समय भित्र कर नबुझाएमा कर बुझाउने दायित्व भएको सम्बन्धित आर्थिक वर्षको लागि सोही वर्षको अन्त्य सम्ममा लाग्ने करमा ५० प्रतिशत जरिवाना लिइ असुलउपर गरिनेछ ।
२. एक आर्थिक वर्ष समाप्त भए पछि पनि कर नबुझाएमा कार्यलयले प्रत्येक आर्थिक वर्षको लागि लाग्ने कर रकमको वार्षिक १०० प्रतिशतका दरले जरिवाना लगाई कर तथा जरिवाना रकम असुल उपर गरिनेछ ।

**(१३) प्रतिलिपि दिन सक्ने**
व्यवसायको दर्ता प्रमाणपत्र हराएमा, च्यातिएमा, नविकरण गर्ने महल खाली नभएमा वा यस्तै अन्य कारणले प्रमाणपत्र उपलब्ध गराउनु पर्ने भएमा यस सम्बन्धमा कार्यलयले आवश्यक जाँचबुझ गरि प्रतिलिपि दस्तुर प्रतिलिपि दस्तुर लिइ नयाँ प्रतिलिपि प्रमाणपत्र जारी गर्न सक्नेछ ।

**(१४) व्यवसाय संचालन नभएको सिफारिस गर्न सक्ने :**
प्रचलित कानून बमोजिम दर्ता भएका व्यवसय सञ्चालन नै नभएकोले सो को व्यहोरा सम्बन्धित निकायमा सिफारिसको लागि कार्यालयमा निवेदन पर्न आएमा सो सम्बन्धमा आवश्यक जाँचबुझ गरि सो व्यहोरा प्रमाणित भएमा सो प्रकृतिको व्यवसायमा लाग्ने वार्षिक करको ५० प्रतिसत वा रू. १०००।- मध्यृ जुन बढि हुन्छ सो बराबरको दस्तुर लिई माग बमोजिमको व्यहोराको सिफारिस उपलब्ध गराउन सकिनेछ ।

**(१५) व्यवसाय दर्ता नविकरण नगरि सञ्चालन गरेमा कारबाही हुने :**
१. प्रचलित कानुन र यस ऐन बमोजिम दर्ता नगरि कुनै पनि व्यवसाय गाउँपालिका क्षेत्र भित्र संचालन गरेको पाइएमा वडा कार्यालय वा कार्यालयले सम्बन्धित व्यवसायीलाई ३५ दिनको म्याद दिइ व्यवसाय दर्ता गर्नको लागि पत्राचार गर्नु पर्नेछ ।
२. उपदफा १ बमोजिम व्यवसाय दर्ताका लागि जनाउन दिएको मितिले ३५ दिन भित्र कार्यालयमा गइ व्यवसाय दर्ता नगरेमा सम्बन्धित व्यक्तिको हकमा गाउँपालिकाबाट प्रवाह हुने सबै किसिमका सेवा सुविधाहरू बन्द गरिनेछ । साथै नेपाल सरकारको सहयोग लिइ सरकारी निकाय तथा अन्य सार्वजनिकक संस्थानबाट प्रवाह हुने सेवा सुविधाहरू बन्द गर्न सकिनेछ ।
३. उपदफा २ बमोजिक सेवा सुविधा रोक्का राखेपछि पनि ३ महिना भित्र पनि व्यवसाय दर्ता नविकरण नगरि व्यवसाय संचालन गरेमा सम्बन्धित कार्यालयले कर तिर्न अटेर गर्ने व्यवसायीको व्यवसाय बन्द गरि लाग्ने कर, जरिवाना र अन्य दस्तुर प्रचलित कानुन बमोजिम असुल उपर गर्नेछ ।

**(१६) बाधा अड्काउ फुकाउने अधिकार :**
यस ऐन कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार गाउँपालिकालाई हुनेछ ।

*जुगल गाउँपालिका व्यवसाय दर्ता नविकरण ऐन २०७५ दफा ४ को उपदफा (१) सँग सम्बन्धित अनुसूची १*

# व्यवसाय दर्ता/नवीकरण निवेदन फारम

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
जुगल गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय,
बराम्ची, सिन्धुपाल्चोक ।

**विषय : व्यवसाय दर्ता/नवीकरण गर्न र परिचय पाटी राख्न अनुमति पाँउ ।**

मैले । आमी ले निम्न स्थानमा ............................................ व्यवसाय दर्ता/नवीकरण गर्न लागेकोले आवश्यक कागजात सहित दरखास्त गर्न आएको छु/छौ । नियमानुसार लाग्ने कर, दस्तुर बुझाउनुको साथै गाउँपालिकाबाट समय समयमा दिइने आदेश/निर्देशन समेत पालन गर्न मन्जुर छु/ छौ । साथै मैले/हामीले पेश गरेको कागजात तथा विवरणहरु ठीक साँचो र फरक परे कानून बमोजिम कार्वाही भएमा मन्जुर छु/छौ ।

१. व्यवसायीको नाम, थर : ....................................................
(फर्म कम्पनीको हकमा मुख्य व्यक्तिको नाम )
२. स्थायी ठेगाना : ............... जिल्ला..........गा.वि.स./गा.पा..........वडा नं..........मार्ग .............घर नं. ...............
३. बाबुको नाम,थर : ..................................................
४. व्यवसाय रहेने स्थानको ठेगाना : वडा नं. : ................ मार्ग .................. घर नं. ..................
व्यवसाय कम्प्लेक्स भए पसल/संकेत नं.............पोष्ट बक्स नं. ................वेभसाइट ................
५. सम्पर्क फोन नं. : ....................... फ्याक्स ................... इमेल :......................................
६. भाडामा रहेको भए व्यवसाय रहने घर/जग्गा को घरधनीको नाम, थर : ......................................
७. ठेगाना : ............................... वडा नं. .......... घर नं. ...................... मार्ग ....................
८. व्यवसायको विवरण/प्रकृति : ..........................................................................
९. पूँजीगत लगानी रु. मा ...................................................................................
१०. फर्म/कम्पनीको नाम : ....................................................................................
११. परिचय पाटीको साइज : (लम्वाई ............. चौडाई ....................... वर्गफिट.....................)
१२. अन्यत्र दर्ता भएको भए, दर्ता नं. ........................................कार्यालय : .............................
१३. संलग्न गर्नूपर्ने कागजातहरु : आफनै घर जग्गा धनी प्रमाण पत्रको प्रतिलिपि १, भाडामा बस्ने भए भाडा रकम र भुक्तानी तरिका समेत खुलेको वहाल सम्झौता पत्र १, नागरिकता प्रमाणपत्रको प्रतिलिपि १, विदेशी नागरिकको हकमा नेपाल स्थित राजदुतावासबाट व्यवसायीको नाममा जारी कागजात १, करदाताको हालसालैको पासपोर्ट साईजको फोटो २ प्रति । फर्म कम्पनी भएमा दर्ता । इजाजत प्रमाणपत्र र आन्तरिक राजश्व कार्यालयमा अघिल्लो आ.व. सम्मको कर तिरेको करदाता प्रमाणपत्रको प्रतिलिपि ।

मिति : ...............................

....................................
निवेदकको दस्तखत

**कार्यालय प्रयोजनका लागि मात्र :**

निवेदन दस्तुर : ................................... दर्ता दस्तुर ............................ व्यवसाय कर ........................... परिचय पाटी दस्तुर ............................................. जरिवाना ............................. जम्मा ............................. व्यवसाय प्रमाण पत्र नं. ........................................
मिति : ..............................

.................................. पेश गर्ने

................................. स्वीकृत गर्ने

निर्देशिका दफा ४ को उपदफा (३) सँग सम्बन्धित

अनुसूची २

जुगल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

**व्यवसाय कर दर्ता किताव**

**करदाता प्रमाण पत्र नं. :**

जारी भएको मिति :

व्यवसायको विवरण

१) व्यवसायको प्रकृति :

२) व्यवसायको किसिम :

३) रहने स्थान/ठेगाना :

परिचयपाटी विवरण

१) लेखे विवरणः फर्म/कं.को नाम :

२) साइज :

३) किसिम :

व्यवसायीको विवरण

१) नाम, थर :

२) नागरिकता नं. :

जारी भएको जिल्ला :

३) ठेगाना :

स्थायी :

वडा नं. :

घर नं. :

४) घरधनीको नाम :

अस्थायी :

बाटोको नाम :

४) अन्य :

५) बाबुको नाम :

६) बाजेको नाम :

७) सम्पर्क फोन नं. :

८) अन्य :

| **असुली आ.व.** | **मिति** | **निवेदन दस्तुर** | **दर्ता शुल्क** | **चालु आ.व.को व्यवसाय कर रु.** | **परिचय पाटी** | **वक्यौता** | **जरिवाना** | **जम्मा रकम** | **रसिद नं.** | **प्रमाणित गर्नेको सही** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

निर्देशिकाको दफा ४ को उपदफा (३) सँग सम्बन्धित

अनुसूची ३

जुगल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

**व्यवसाय दर्ता प्रमाण पत्र**

**करदाता नं. :** ........................................

**दर्ता मिति :** ..........................................

**प्रमाण पत्र नं. :** .....................................

जिल्ला सिनधुपाल्चोक जुगल गाउँपालिका .............. वडा ................ बस्ने श्री .............................................................लाई निम्न विवरण अनुसारको व्यवसाय दर्ता गरी यो प्रमाण पत्र जारी गरिएको छ ।

**व्यवसायको नाम :** ..................................................

**व्यवसाय रहने स्थान : जुगल गाउँपालिका**

**वडा नं.** ............................... **बाटोको नाम :** ..........................................

**घर नं. :** .................................. **टोल :** ..................................................

**व्यवसाय रहने घर । जग्गाधनीको नाम :** .........................................................

**व्यवसायको प्रकृति :** .......................................... **विवरण**

**परिचयपाटीको साइज :** ...........................................................................

**पूंजीगत लगानी (रु मा ) :** ....................................................................

.....................................

..........................................

**करदाताको हस्ताक्षर** **स्वीकृत गर्नेको हस्ताक्षर**

१) प्रत्येक आर्थिक वर्षको लागि तोकिएको वार्षिक कर उक्त आ.व. को ३५ दिन भित्र बुझाई प्रमाण पत्र नविकरण गर्नुपर्नेछ । गाउँपालिकाबाट व्यवसाय कर टोली खटाईएको अवस्थामा व्यवसायीको कार्यस्थलै व्यवसाय प्रमाणपत्र नविकरण गर्न सकिनेछ ।

२) व्यवसाय गरी आएको स्थान परिवर्तन गर्न परेमा वडा कार्यालयको सिफारीसमा गाउँपालिकाबाट पूर्व स्वीकृति लिनुपर्ने छ ।

३) व्यवसाय बन्द गर्नु परेमा करदाताले गाउँपालिकाको सम्बन्धित वडा कार्यालयको सिफारीसमा कार्यालयबाट व्यवसाय बन्द भएको जनाउ पत्र अनिवार्य रुपमा लिनुपर्ने छ । अन्यथा व्यवसाय चालु नै रहेको मानी साल बसाली रुपमा कर लाग्नेछ ।

४) यो प्रमाण पत्र व्यवसाय गरेको स्थानमा सबैले देखिने गरी राखिनु पर्दछ र गाउँपालिकाको कर्मचारीहरुले हेर्न चाहेको बखतमा तुरुन्त देखाउनु पर्दछ ।
५) कुनै पनि किसिमको व्यवसायीक गतिविधिमा बाल श्रमिकहरु प्रयोग गर्न पाइने छैन यदि सो गरेको पाईएमा प्रचलित कानून बमोजिम कारबाही गरी व्यवसाय दर्ता खारेजी समेत गर्न सकिनेछ ।
६) व्यवसायबाट उत्पादन हुने फोहर मैला उचित व्यवस्थापन गर्ने दायित्व करदाताको हुनेछ ।
७) व्यवसाय सञ्चालनको सिलसिलामा गाउँपालिकाबाट समय समयमा दिने निर्देशनको पालना गर्नु करदाताको कर्तव्य हुनेछ ।
८) उल्लेखित शर्तनामाहरु पालना नगरेमा गाउँपालिकाले जुनसुकै बखतमा पनि यो प्रमाण पत्र रद्द गरी व्यवसाय बन्द समेत गर्न सक्नेछ ।
९) यो प्रमाण पत्र कर प्रयोजनको लागि जारी गरिएको हो । कुनै पेशा वा व्यवासय प्रचलित कानून बमोजिम कुनै निकायबाट अनुमति लिएर मात्र सञ्चालन गर्नुपर्ने भएमा सो समेत लिएर मात्र सञ्चालन गर्नु पर्नेछ ।

| सि.नं. | उप सि.नं. | विवरण | व्यवसाय वा कारोबारको वर्ग | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ङ | घ | ग | ख | क |
| १ | १.१ | घर जग्गा कर | | | | | | |
| | | पहिलो रु १० लाख सम्ममा | | | | | | |
| | | त्यसपछिको रु १० लाख सम्ममा | | | | | | |
| | | त्यसपछिको रु ३० लाख सम्ममा | प्रतिशत | | | | | |
| | | त्यसपछिको रु ५० लाख सम्ममा | प्रतिशत | | | | | |
| | | त्यसपछिको रु १ करोड सम्ममा | प्रतिशत | | | | | |
| सि.नं. | उप सि.नं. | विवरण | व्यवसाय वा कारोबारको वर्ग | | | | | |
| | | | | ङ | घ | ग | ख | क |
| | | त्यस पछिको बाँकी रकममा | प्रतिशत | | | | | |
| | १.२ | घर जग्गा मुल्यांकन गर्ने तरिका | | | | | | |
| | १.३ | मालपोत | | | | | | |
| | | प्रति रोपनी | | | | | | |
| | | प्रति कट्ठा | | | | | | |
| | १.४ | भूमिकर | | | | | | |
| | | प्रति रोपनी | | | | | | |
| | | प्रति कट्ठा | | | | | | |
| २ | २.१ | बहाल कर सम्बन्धित धनीबाट लिने वहाल कर | प्रतिशत | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | २.२ | अस्थायी पसल वहाल कर | प्रति वर्गफुट | | | | | |
| ३ | | व्यवसाय कर | | | | | | |
| | ३.१ | व्यापारिक वस्तु | | | | | | |
| | ३.१.१ | चुरोट रक्सी, ज्वेलरी, भिडियो, क्यासेट रिर्कडर तथा प्लेयर | | | | | | |
| | | खुद्रा व्यवसाय | | | | | | |
| | | सुन चाँदी तथा गहना बनाउने पसल | | | | | | |
| | | भिडियो, क्यासट रिर्कडर आदि | | | | | | |
| | ३.१.२ | निर्माण सामाग्री कम्प्युटर विद्युत सामान, क्यामेरा, टेलिभिजन, रेडियो, कार्पेट पेट्रोलियम पदार्थ जस्ता वस्तुको थोक तथा खुद्रा व्यापारमा | | | | | | |
| | ३.१.३ | दैनिक उपभोगका खाद्य पदार्थ | | | | | | |
| | ३.१.४ | सवारी साधन विक्रेता | | | | | | |
| | | कवाडी कारोवार | | | | | | |
| | ३.२ | विशेषज्ञ परामर्श तथा अन्य व्यावसायिक सेवा | | | | | | |
| | ३.२.१ | चिकित्सक सेवा | | | | | | |
| सि.नं. | उप सि.नं. | विवरण | व्यवसाय वा कारोवारको वर्ग | | | | | |
| | | | | ङ | घ | ग | ख | क |
| | ३.२.२ | कविराज | | | | | | |
| | ३.२.३ | ईन्जिनियर | | | | | | |
| | ३.२.४ | कानून व्यवसायी | | | | | | |
| | ३.२.५ | लेखापरिक्षक | | | | | | |
| | ३.२.६ | दन्त चिकित्सक | | | | | | |
| | ३.२.७ | अनुसन्धानकर्ता तथा परामर्शदाता | | | | | | |
| | ३.२.८ | कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर | | | | | | |
| | ३.२.९ | बीमा एजेन्ट | | | | | | |
| | ३.२.१० | सर्भेयर | | | | | | |
| | ३.२.११ | अनुवादक | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ३.२.१२ | पशु चिकित्साक | | | | | | |
| | ३.२.१३ | शेयर दलाल | | | | | | |
| | ३.२.१४ | सामान ढुवानीकर्ता तथा कम्पनी | | | | | | |
| | ३.२.१५ | संस्थागत पेन्टर | | | | | | |
| | ३.२.१६ | सामान्य पेन्टर, फ्लेक्स वोर्ड निर्माण | | | | | | |
| | ३.३ | निर्माण व्यवसाय | | | | | | |
| | | गाउँपालिका भित्र प्रधान कार्यालय भएको निर्माण व्यवसाय | | | | | | |
| | ३.४ | उत्पादन मुलक उद्योग | | | | | | |
| | | कोरा मोल वा अर्ध प्रशोधित माल वा खेर गईरहेको माल सामानको वा अन्य माल सामान प्रयोग वा प्रशोधन गरी माल सामान उत्पादन गर्ने उद्योग व्यवसायमा | | | | | | |
| | ३.५ | ऊर्जामूलक उद्योग | | | | | | |
| | | जलस्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल, ग्यास, बायोग्यास तथा अन्य स्रोतहरुबाट उर्जा पैदा गर्ने उद्योग व्यवसायमा | | | | | | |
| | ३.६ | कृषि तथा वन्यजन्य उद्योग | | | | | | |
| | | मूलतःकृषि वा वन पैदावारमा आधारित उद्योग व्यवसायमा | | | | | | |
| | ३.७ | खनिज उद्योग | | | | | | |
| | | खनिज उत्खनन वा प्रशोधन गर्ने उद्योग व्यवसायमा | | | | | | |
| | ३.८ | पर्यटन उद्योग | | | | | | |
| | | पर्यटन, आवास, मोटेल, होटेल, रेष्टुरा, रिर्साट, ट्राभल एजेन्सी, स्कीइङ, ग्याइडिङ, वाटर र्‍याफ्टिङ, पोनी ट्रेकिङ, पदयात्रा, हटएयर ब्यालुनिङ, प्यारासिलिङ, गल्फकोर्स, पोलो, अश्वारोहण आदि उद्योग व्यवसायमा | | | | | | |
| | | पर्यटक रेष्टुरा | | | | | | |
| | | पर्यटक आवास | | | | | | |
| | | मोटेल, होटेल रिसोर्ट | | | | | | |
| | ३.९ | सेवा उद्योग | | | | | | |
| | | छापाखाना परार्मश सेवा, जिनिङ व्यवसाय, चलचित्र व्यवसाय, सार्वजनिक परिवहन व्यवसाय, फोटोग्राफी, प्रयोगशाला, हवाई सेवा, शीत भण्डार आदि उद्योग | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | व्यवसायमा | | | | | | |
| | ३.१० | निर्माण उद्योग | | | | | | |
| | | सडक, पुल, रोपवे, रेलवे, ट्रलिबस, टनेल, फ्लाइङ बज तथा औद्योगिक, व्यापारिक उवं आवास कम्प्लेक्स आदि निर्माण गरी सञ्चालन गर्ने उद्योग व्यवसाय | | | | | | |
| | ३.११ | संचार सेवा | | | | | | |
| | ३.११.१ | निजी क्षेत्रको हुलाक सेवा | | | | | | |
| | ३.११.२ | निजी क्षेत्रको टेलिफोन, फ्याक्स सेवा, फोटोकपी, मोवाईल, फोन, आइएसडी, एसटडी, इमेल, इन्टरनेट, रेडियो पेजिङ आदि | | | | | | |